गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्याः ०८२/८३

चलानी नं. ९३०

पोखरा,

नेपाल।

मितिः- २०८२/११/०८

**विषयः- समन्वय तथा सहकार्य सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालयहरू, सबै(११वटै)

गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, निष्पक्ष, सुरक्षित, व्यवस्थित तथा भयरहित वातावरणमा सम्पन्न गर्न जिल्लास्तरमा शान्ति–सुरक्षा व्यवस्थापन, निर्वाचन सामग्रीको सुरक्षित ढुवानी तथा सुरक्षा, आचारसंहिताको कार्यान्वयन, तथा आकस्मिक व्यवस्थापन सम्बन्धी कार्यहरूलाई प्रभावकारी एवं परिणाममुखी बनाउन देहायबमोजिम आवश्यक समन्वय तथा सहकार्य गर्न/गराउन मिति २०८२/११/०८ गतेको (प्रमुख सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

१. जिल्लास्थित सुरक्षा निकायबीच समन्वय गरी एकीकृत सुरक्षा योजना प्रभावकारी कार्यान्वयन गर्ने।
२. सुरक्षा संवेदनशीलताको जोखिम विश्लेषण अति संवेदनशील तथा संवेदनशील मतदान स्थलको विशेष सुरक्षा प्रबन्ध मिलाउने।
३. निर्वाचन सामग्रीको प्राप्ति, सुरक्षित भण्डारण, वितरण तथा संकलन प्रक्रियामा मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयसँग प्रत्यक्ष सम्पर्कमा रहने ।
४. निर्वाचन आचारसंहिता पालना गर्न गराउन अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै उल्लङ्घनका घटनामा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाउने।
५. सम्भावित विपद्, आपतकालीन अवस्था वा अवाञ्छित गतिविधि नियन्त्रणका लागि पूर्वतयारी योजना (Contingency Plan) तयार गरी कार्यान्वयनयोग्य अवस्थामा राख्ने।
६. स्थानीय तह, सम्बन्धित निर्वाचन कार्यालय तथा सरोकारवाला निकायहरूसँग नियमित समन्वय बैठक सञ्चालन गरी सूचना आदान–प्रदान प्रभावकारी बनाउने।
७. निर्वाचन अवधिभर जिल्लाको समग्र शान्ति–सुरक्षा अवस्थाको निरन्तर अनुगमन गरी सूचना संकलन कार्यलाई यथार्थपरक बनाउने तथा निर्वाचनको निष्पक्षतामा जोड दिंदै दैनिक/आवश्यकतानुसार प्रतिवेदन तयार गरी तालुक निकायमा उपलब्ध गराउने।
८. सामाजिक सञ्जालबाट हुने अमर्यादित गतिविधिहरुका कारण जिल्लाको शान्ति सुरक्षामा पर्न सक्ने नकरात्मक असरलाई सावधानि अपनाई नियन्त्रण गर्ने ।
९. अन्तर्राष्ट्रिय सीमा-नाकामा समन्वय गरी आवश्यक सुरक्षा प्रवन्ध मिलाउने ।

ऋषिराज आचार्य
प्रदेश सचिव

बोधार्थः

श्री गृह मन्त्रालय, सिंहदरबार काठमाडौं ।